नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

बबरमहल, काठमाडौं, नेपाल
(हाल: चाकुपाट, ललितपुर)

मिति :- २०७४।०२।०४

पत्र संख्या : २०७३।७४
चलानी नम्बर :- ११४१

**विषय:- आर्थिक प्रस्तावको सुरक्षा सम्वन्धमा ।**

श्री उप महानिर्देशक
योजना तथा डिजाइन । सम्भार । पुल । वैदेशिक । यान्त्रिक महाशाखा
श्री क्षेत्रीय सडक निर्देशनालय
दमक । काठमाण्डौं । पोखरा । सुर्खेत । दिपायल
श्री आयोजना निर्देशनालय, विशालनगर ।
श्री हुलाकी राजमार्ग आयोजना, आलोकनगर ।
श्री उत्तर दक्षिण / व्यापारिक मार्ग आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक सुधार आयोजना, वानेश्वर ।
श्री सडक क्षेत्र विकास आयोजना, चाकुपाट ।

सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संसोधन पश्चात लागु भएको दुइ खाम बोलपत्र प्रणाली (Two Envelope Bidding System) अनुसार प्राप्त बोलपत्रको Technical Proposal खोलि सकेपछि सोको मूल्यांकन तथा स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने समय सम्म आर्थिक प्रस्तावहरु सुरक्षित रुपमा राख्न आवश्यक देखिएकोले सम्वन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा सुरक्षित रुपमा राख्ने व्यवस्थाका लागि महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गरिएकोमा महालेखा नियन्त्रक कार्यालयमा छलफल हुँदा देहाय अनुसार गर्ने निर्णय भई महालेखा नियन्त्रक कार्यालयको मिति ०७४।२।३ को पत्रवाट सवै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र समेत भैसकेको हुंदा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुसंग समन्वय गरी सो अनुसार अनिवार्य रुपमा गरी बोलपत्र सुरक्षित्त रुपमा राख्ने व्यवस्था गर्नु गराउनु हुन मिति २०७४।२।४ को विभागीय निर्णय अनुसार अनुरोध छ ।

<u>देहाय</u>

१. बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले Two Envelope System अनुसार आव्हान गरिएको बोलपत्रको प्राविधिक प्रस्ताव खोल्दाको समयमा नै Hard Copy को रुपमा दर्ता हुन आएको आर्थिक प्रस्तावहरु सवैलाई एउटा ठुलो खाममा राखी सिलवन्दी गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि समेतको उपस्थितिमा मुचुल्का गराई बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायकै परिसरमा छुट्टै दराजमा राख्ने र यस्तो दराजमा सम्वन्धित कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले आफैले खरिद गरेको अलग अलग ताला लगाउने व्यवस्था मिलाउने ।

२. आर्थिक प्रस्ताव खोल्दाको समयमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि उपस्थित भै ताला खोली मुचुल्का गरी आर्थिक र प्रस्ताव खोल्ने व्यवस्था गर्ने ।

(थानेश्वर गौतम)
प्रमुख लेखा नियन्त्रक

Scanned by CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

सडक विभाग
आर्थिक प्रशासन शाखा
दर्ता नं.: ९८८६
२०७४/२/५

पत्र संख्या: २०७३/०७४/२.२
चलानी नं. २२६

आन्तरिक प्रशासन शाखा

मिति २०७४।२।३

विषय : आर्थिक प्रस्तावको सुरक्षा सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

सार्वजनिक खरिद एन, २०६३ तथा नियमावली, २०६४ बमोजिम Two Envelop System अनुसार आव्हान गरिएको बोलपत्रको Technical Proposal खोल्दाको समयमै Hard copy को रुपमा दर्ता हुन आएका सबै बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरुको प्राप्त अवस्थाको मुचुल्का गरी एउटै ठूलो खाममा सिलबन्दी गरी खाम बाहिर सम्बन्धित कार्यालय, निर्माण व्यवसायीको अधिकार प्राप्त प्रतिनिधिहरु तथा अन्य कार्यालयका प्रतिनिधिहरुले सहीछाप गरी आर्थिक बोलपत्र खोल्ने समयसम्म कोष तथा लेखा नियन्त्रक कार्यालयमा सुरक्षित राख्ने व्यवस्थाको लागि सडक विभाग, चाकुपाट, ललितपूरको च.नं. ४४१ मिति २०७४।०१।१५ को पत्रबाट अनुरोध भै आएकोमा मिति २०७४।१।२५ गते महालेखा नियन्त्रकज्यूको अध्यक्षतामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागका पदाधिकारीहरु समेतको उपस्थितिमा बसेको बैठकले अर्को व्यवस्था नभएसम्मको लागि देहाय अनुसार गर्ने भन्ने निर्णय भएकोले सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले Two Envelop System अनुसार आव्हान गरिएको बोलपत्रको प्राविधिक प्रस्ताव खोल्दा को समयमा नै Hard Copy को रुपमा दर्ता हुन आएको आर्थिक प्रस्तावहरु सबैलाइ एउटा ठूलो खाममा राखी सिलबन्दी गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि समेतको उपस्थितिमा मुचुल्का गराइ बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायकै परिसरमा छुट्टै दराजमा राख्ने र यस्तो दराजमा सम्बन्धित कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले आफैले खरिद गरेको अलग अलग ताला लगाउने व्यवस्था मिलाउने ।
२. आर्थिक प्रस्ताव खोल्दाको समयमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा प्रतिनिधि उपस्थित भै ताला खोली मुचुल्का गरी आर्थिक प्रस्ताव खोल्ने व्यवस्था गर्ने ।
३. अन्य सार्वजनिक निकायबाट पनि यस्तो व्यहोराको लागि अनुरोध भै आएमा यसै अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

**बोधार्थ**
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
श्री सडक बिभाग, चाकूपाट, ललितपूर ।

प्रदीप दोरंगा
लेखा अधिकृत

सेवा मैत्री प्रशासन–संघियतामा सुशासन
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९८, फ्याक्सः ०१-४७७१२
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

Scanned by CamScanner